बैठक संख्या : ६६
मिति २०७८/८/२९ गते

**प्रस्तावहरु :**

(क) योजना सम्झौता तथा संशोधन सम्बन्धमा,

(ख) सामुदायीक विद्यालयका आधारभूत तहका शिक्षकलाई उपलब्ध गराउने प्रोत्साहन सम्बन्धमा,

(ग) औद्योगिक ग्रामको ठेक्का लिने निर्माण व्यवसायीलाई रकम उपलब्ध गराउने सम्बन्धमा,

घ) कार्यविधि पारित गर्ने सम्बन्धमा,

(१) कृषिउपज संकलन केन्द्र सञ्चालन कार्यविधि २०७८

(२) टेम्पो, अटोरिक्सा, रिक्सा व्यवस्थापन कार्यविधि (प्रथम संशोधन) २०७५

(ङ) वडा नं. ४ को भवन निर्माण गर्ने जग्गा प्राप्ती तथा पुँजीगत लाभकर दाखिला सम्बन्धमा,

(च) सिटीहलको पार्किङ्ग शुल्क संकलन तथा भाडामा लिने ठेक्काको सम्झौता नगर्ने संस्थालाई कालो सूचीमा राख्ने सम्बन्धमा,

(छ) ५०/५० का योजना सम्बन्धमा,

(ज) चण्डिकालिका मन्दिरको पुजा सञ्चालनको लागि रकम उपलब्ध गराउने सम्बन्धमा,

(झ) महिला क्रिकेट टिमलाई सहयोग उपलब्ध गराउने सम्बन्धमा,

(ञ) नेपाल चेम्बर अफ कमर्श स्याङ्जालाई भवन निर्माण गर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा,

(ट) नगरपालिकाको हातामा सञ्चालन भएको क्यान्टीनको भाडा रकम छुट सम्बन्धमा

(ठ) रैथाने वालीको लागि पकेट क्षेत्र निर्धारण सम्बन्धमा,

(ड) विविध ।

(१) विभिन्न शिर्षकमा राजस्व दर कायम गर्ने सम्बन्धमा,

(२) औषधी उपचार सहायता उपलब्ध गराउने सम्बन्धमा

(३) स्थानीय विकास कोषबाट योजना सञ्चालन सम्बन्धमा

**निर्णय नं : १**

यस नगरपालिकाको नवौं नगरसभावाट चालु आर्थिक वर्ष २०७८/७९ का लागि स्वीकृत भएका योजनाहरु २०७८ मंसिर मसान्त भित्र सम्झौता गरी सक्ने र विविध कारणबाट योजना सञ्चालन हुन नसकि संशोधन गर्नु पर्ने भएमा संशोधनको लागि पौष १० गतेभित्र संशोधन गरी सम्झौता गरी सक्ने भनी मिति २०७८/०७/२९ को कार्यपालिका बैठकले निर्णय गरेकोमा सबै वडा कार्यालयहरुमा यही महिनामा राष्ट्रिय परिचयपत्र दर्ता सिविर सञ्चालन भई बडा अध्यक्ष लगायत पदाधिकारी तथा कर्मचारी त्यसमै व्यस्त हुनु परेको कारणले हालसम्म पनि सबै वडाका योजना सम्झौता हुन बाँकी नै रहेकोले सम्झौता तथा संशोधनको काम २०७८ पौष २५ गते भित्र सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

नगरपालिका भित्रका सामुदायिक विद्यालयका प्राथमिकतहमा हाल स्वीकृत दरवन्दी भन्दा बढी शिक्षक कार्यरत रहेकोले दरवन्दी भन्दा बढी भएका शिक्षकहरुलाइ नेपाल सरकारको निर्णय तथा कार्यविधि अनुसार अन्य जिल्लामा पठाउनु भन्दा पालिका भित्रनै व्यवस्थापन गर्नु उपयुक्त हुने देखि निवृतिभरणको लागि योग्य भई सकेका स्थायी शिक्षकहरुलाई निजले स्वैच्छिक अवकाश लिन चाहेमा निज कार्यरत तहको शुरु तलब स्केलको ४ महीना बराबरको रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने गरी मिति २०७८/७/२५ मा सूचना प्रकाशन गरिएकोमा सो अवधिमा प्रयाप्त मात्रामा शिक्षकहरुले राजीनामा स्वीकृत गराई प्रोत्साहन रकमको लागि आवेदन नगर्नु भएकोले सरोकारवाला संस्था तथा नगर क्षेत्रमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरुको सल्लाह तथा सुझावका आधारमा साविक बमोजिम नै सुविधा उपलब्ध

गराउने गरी स्वैच्छिक अवकाशमा जान चाहने शिक्षकहरुसंग आवेदन माग गर्ने भनी १५ दिनको म्याद दिइ नगर प्रमुखबाट मिति २०७८/८/२१ मा भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :**

यस नगरपालिका वडा नं. ४ को बरबोटमा औद्योगिक ग्राम स्थापना गर्नको लागि ठेक्का बन्दोबस्त गरी नगरपालिका र निर्माण व्यवसायी बीच भएको सम्झौता नगर कार्यपालिकाको मिति २०७८/३/३० को निर्णय अनुसार ठेक्का तोडने काम भई सकेको र निर्माण व्यवसायीले यस कार्यालयबाट लिएको मोबिलाईजेसन पेश्कि रकम रकम रु.७,८०,०००।- दाखिला गरी सकेको अवस्था रहेको छ । उक्त निर्माण व्यवसायीले मिति २०७८/५/३० मा निवेदन पेश गरी उक्त ठेक्काको कारोबार गर्नको लागि मेरो तर्फबाट रु. ७८,५७५।- खर्च भएको र उक्त ठेक्काको काम मेरो कारणबाट नभई कार्यालयको कारणबाट सम्पन्न हुन नसकेकोले उक्त रकम क्षतीपूर्ति स्वरुप भुक्तानी पाउँ भनी निवेदन पेश गरेको रहेछ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा (२) को खण्ड (ख) मा सार्वजनिक निकायले सार्वजनिक हितको लागि सुबिधाका आधारमा सम्झौताको अन्त्य गर्न सक्ने उल्लेख भएको, उपदफा (३) मा निर्माण व्यवसायीको कुनै त्रुटी बिना सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गरेको कारणबाट निजले व्यहोर्नु परेको वास्तीवक हानी नोक्सानीको रकम क्षतीपूर्ति वापत दिन सक्ने व्यवस्था रहेकोछ । उक्त ठेक्का निर्माण व्यवसायीको त्रुटीका कारणले भन्दा पनि स्थानीय जनताको बिरोधका कारण कार्यालयले निर्माण स्थल क्लियरेन्स गर्न नसकेको कारणले योजना सञ्चालन हुन नसकेको हुनाले नगरपालिकाले निर्णय गरी खरिद सम्झौता अन्त्य गरेकोले उक्त निर्माण व्यवसायीले माग गरेको Performance Bond / EPG तयार गर्दा गरेको खर्च रकम रु. ७०,५८९।- भुक्तानी दिने व्यवस्था गर्न नगर कार्यपाकिाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ४ :**

नगर कार्यपालिकाको कार्यालयले मस्यौदा तयार गरी विधेयक समितिमा दफावार छलफल भई पारितको लागि पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

(क) कृषिउपज संकलन केन्द्र सञ्चालन कार्यविधि २०७८

(ख) टेम्पो, अटोरिक्सा, रिक्सा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन) २०७५

**निर्णय नं ५ :**

यस नगरपालिकाको वडा नं. ४ हरिपालामा स्थापना भएको ज्ञान ज्योती ईङ्गलिस बोर्डिङ्ग स्कूलले आफ्नो नाममा दर्ता कायम रहेको पुतली बजार नगरपालिका वडा नं. ४ को कित्ता नं. १०१० को जग्गा विवरण ०-९-१-२ को जग्गा वडा नं. ४ को प्रशासनिक भवन निर्माणको लागि निशुल्क उपलब्ध गराएकोले यो बैठक विद्यालय परिवारलाई धन्यवाद टक्रयाउँदछ । साथै विद्यालयले उक्त जग्गा नगरपालिकाका नाममा रजिष्ट्रेशन पास गर्दा लाग्ने पुँजिगत लाभकर रकम नगरपालिकाको तर्फबाट व्यहोर्ने व्यवस्थाका लागि अनुरोध गरी निवेदन पेश गरेकोमा जग्गा रजिष्ट्रेशन पास भई नगरपालिकाका नाममा आई सकेकोले रजिष्ट्रेशन पास गर्दा लागेको पुँजिगत लाभकर रकम रु. २५,५७५।- भुक्तानी दिने व्यवस्थाको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६ :**

यस नगरपालिकाको वडा नं. १ मा रहेको सिटि हलको केही कोठा र पार्किङ्ग क्षेत्रलाई २०७८/७९ को लागि भाडामा लगाउने गरी सूचना प्रकाशन भई पुतलीबजार नगरपालिका वडा नं. १ मा सञ्चालीत ड्रागन स्नूकर पुल एण्ड क्याफे रेष्टुरेन्ट (प्रो.शम्भु गुरुङ्ग) को ठेक्का स्वीकृत भएकोमा उक्त फर्मलाई कार्यालयको तर्फबाट पटक पटक सम्झौता गर्न तरताकेता गर्दा पनि सम्झौता गर्न नआएकोले पुतलीबजार नगरपालिकाको आर्थिक कार्यविधि ऐन (प्रथम संशोधन) २०७४ को दफा १३ग को खण्ड (ख) बमोजिम कालो सूचीमा राख्नको लागि नगर प्रमुखले निर्णय गरी सिफारिश गरेकोमा उक्त फर्म ड्रागन स्नूकर पुल एण्ड क्याफे रेष्टुरेन्ट र सोका प्रो. श्री शम्भु गुरुङ्गलाई यस नगरपालिकाको कुनैपनि सार्वजनिक

खरिद तथा आय ठेक्काका भाग लिन यो निर्णय भएको मितिले २ (दुई) वर्ष सम्म नपाउने गरी कालो सूचिमा राख्ने निर्णय गरियो ।

**निर्णय नं ७ :**

यस नगरपालिकाको नवौं नगरसभाले ५०/५० का योजना सञ्चालनका लागि रु. ४०,००,०००।- बिनियोजन गरेको र यस नगरपालिकामा विभिन्न वडाका तपसिल बमोजिमका योजनाहरु उक्त कार्यक्रम अन्तरगत सञ्चालनको लागि तपसिल बमोजिमको रकम माग भई आएको भएतापनि बजेटको सिमितताको कारणले तपसिल बमोजिमका योजनामा तपसिल बमोजिमको रकम नगरपालिकाको तर्फबाट बिनियोजन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | योजनाको नाम थर | ठेगाना | स्टमेट | नगरपालीका बाट दिने रकम |
|---|---|---|---|---|
| १ | लोक कल्याण समाज सुधार भवन | पु.ब.न.पा.५ | ६५१८५१.९९ | २,००,००० |
| २ | गिनचौर समाज घर निर्माण | पु.ब.न.पा.५ | ४५५६५३.९९ | २,००,००० |
| ३ | पहिरो नियन्त्रण | पु.ब.न.पा.१३ | १७९२५१.४४ | ८०,००० |
| ४ | चन्द्र नगर घुम्ती स्लेपनिर्माण | पु.ब.न.पा.१ | ३६६६१६.१२ | १,८०,००० |
| ५ | ब्रह्माकुमारी इश्वरी विद्धालयको भवन निर्माण | पु.ब.न.पा.१ | ९०५१८०.८६ | ३,००,००० |
| ६ | पानी टङ्की निर्माण | पु.ब.न.पा.३ | १९९९८६.१६ | ९९,००० |
| ७ | मगर समाज भवन निर्माण | पु.ब.न.पा.१ | ४८५६३३.९७ | २,००,००० |
| ८ | चाक्सीबोट धारापानी टोल | पु.ब.न.पा.३ | ३३६४५३.२२ | १,६५,००० |
| ९ | कमलादेबी मन्दीर निर्माण | पु.ब.न.पा.२ | ८६७१३.६८ | ४०,००० |
| १० | हुनीकोट समाजघर निर्माण | पु.ब.न.पा.२ | ३९०५०८.४१ | २,००,००० |
| ११ | सापकोटा थर देखी दुर्गादेवी आधारभुत वि.जाने गो.बा | पु.ब.न.पा.२ | ७९६७३.३१ | ४०,००० |
| १२ | चनौटेडाडाँ खानेपानी योजना | पु.ब.न.पा.३ | ८१०४७९.१२ | ३,००,००० |
| १३ | देड्गदी ओराला सडक | पु.ब.न.पा.८ | १७३५३६.२ | ८५,००० |
| १४ | आमा समुह भवनमा ट्रस निर्माण | पु.ब.न.पा.१२ | १००१८९.४१ | ५०,००० |
| १५ | सामुदायिक भवन | पु.ब.न.पा.८ | ६१०१५६.७४ | २,५०,००० |
| १६ | मुलाबारी खिन्चते ग्रा.स. | पु.ब.न.पा.१४ | १६७३२९.९५ | ८०,००० |
| १७ | भुजेल साँस्कृतिक सँग्रालय निर्माण | पु.ब.न.पा.१ | | ३,००,००० |
| १८ | नतेको चौतारा पुर्व गल्छी नियन्त्रण | पु.ब.न.पा.४ | १०४७१०.८४ | ५०,००० |
| १९ | आख्ले कटुवा खानेपानी मर्मत | पु.ब.न.पा.४ | १५१६४३.२ | ५०,००० |
| २० | पिपलकोबोट पिङहाल्ने डाँडा गोरेटोबाटो | पु.ब.न.पा.४ | २०१२७३.४४ | १,००,००० |
| २१ | गैह्रा गाउ खानेपानी ट्याङ्की निर्माण | पु.ब.न.पा.४ | १५१६४३.२ | ७५,०००. |
| २२ | तल्लो धारापनी गो.बा. | पु.ब.न.पा.१४ | ८७३४३. | ४०,००० |
| २३ | कामीनी गहिरो नियन्त्रण | पु.ब.न.पा.१३ | २७२२३६. | १,३५,००० |
| २४ | पु.ब.न.पा.१३पुलकोमुख बाटो स्तरउन्नती | पु.ब.न.पा.१३ | ११९५५३७. | ३,००,००० |
| २५ | सकेली डाँडा हुदै ओरालेमो.बा | पु.ब.न.पा.१३ | १७३५३६. | ८०,००० |
| | जम्मा रकम रु | | ८३,३७,१३७.२५ | ३५,९९,००० |

निर्णय नं ८ :

यस नगरपालिकाको वडा नं. १४ मा रहेको चण्डिकालिका मन्दिरको पुजा भेटीको लागि यस आर्थिक वर्ष २०७८/७९ को लागि ठेक्का नलागेको, मन्दिरमा परम्परागत रुपमा चलि आएको पुजा सञ्चालनको लागि रकम अभाव भएकोले २०७८ सालको वडा दशैको पुजा सञ्चालन गर्दा लागेको रकम रु.१,९५,०००।– सहयोग उपलब्ध गराई दिन माग भएकाले उक्त मन्दिरको परम्परागत रुपमा चलि आएको पुजा सञ्चालनमा भएको उक्त खर्च रकम धर्म संस्कृती संरक्षण शिर्षकबाट खर्च लेखी सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ९ :

स्याङ्जा जिल्ला क्रिकेट संघले मिति २०७८/९/३ देखि ११ सम्म धनगढीमा आयोजना गर्ने प्रधानमन्त्री कप त२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा प्रदेशस्तरीय छनौटको लागि १४ जना खेलाडीलाई बन्द प्रशिक्षण सञ्चालन गरी छनौट गरी प्रदेशस्तरीय प्रतियोगिताको लागि पठाउनु पर्ने भएकोले आवश्यक सहयोग उपलब्ध गराई दिन अनुरोध गर्दै प्रताव समेत प्राप्त भएकोले उक्त संस्थालाइ खेलकुद सामग्री वितरण शिर्षकबार्ट रु. १,००,०००।- (एक लाख) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १० :

यस जिल्लामा उद्योगी व्यवसायीको संगठनको रुपमा उद्योग वाणिज्य संघ रहेको छ भने व्यवसायीहरुको मात्र जिल्लास्तरको छाता संगठनको रुपमा नेपाल चेम्वर अफ कमर्स स्याङ्जा रहेको छ । उद्योग बाणिज्य संघ स्याङ्जाको आफ्नै भवन रहेको छ भने नेपाल चेम्वर अफ कमर्स स्याङ्जाको जग्गाको अभावमा आफ्नो भवन निर्माण गर्न नसकेको अवस्था रहेको र उक्त संस्थाले नगरपालिकाको वडा नं. १ को कुनै उचित स्थानमा भवन निर्माणको लागि जग्गा उपलब्ध गराईदिन माग गरेकोले साविक पुतलीबजार गाउँ पञ्चायतको कार्यालयका नाउँमा दर्ता कायम भएको नं. ९ को कि नं. १७९१ जग्गा विवरण २-९-१-० मध्ये पश्चिम उत्तर तर्फबाट उक्त संस्थालाई जग्गाको स्वमित्व नगरपालिकामा नै रहने गरी भवन निर्माण प्रयोजनको लागि जग्गा विवरण ०-१०-०-० (दश आना) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ११ :

यस नगरपालिकाको हातामा सञ्चालनमा रहेको स्टाफ चिया एण्ड खाजा घरका प्रोप्राईटर श्री कल्पना अधिकारीले म र मेरो श्रीमान मिति २०७८/४/५ गते देखि कोरोना पोजेटिभ भई लामो समयसम्म खाजा घर सञ्चालन गर्न नसकि बन्द रहेकोले सो अवधिको भाडा रकम मिनाहा गरी पाउँ भनी निवेदन पेश हुन आएकोमा उक्त खाजा घर सञ्चालक दुबै जना मिति २०७८/४/५ गते देखि कोरोना पोजेटिभ भई १५ दिन भन्दा बढी अवधिसम्म खाजा घर बन्द रहेकोले १५ दिन बराबरको हुन आउने भाडा रकम छुट दिने निर्णय गरियो ।

निर्णय नं १२ :

यस नगरपालिकाको लागि आर्थिक वर्ष २०७८/७९ मा कृषि विकास कार्यक्रम अन्तरगत सशर्त अनुदानमा रैथाने बाली संरक्षण शिर्षक अन्तरगत रु.१३,००,०००।- बिनियोजन भएको र सो कार्यक्रम सञ्चालनको लागि केन्द्र सरकारबाट निर्देशिका समेत स्वीकृत भई आएको छ । सो निर्देशिका अनुसार रैथाने वालीमा नगरपालिका क्षेत्रमा परम्परागत रुपमा बढी मात्रामा उत्पादन हुने कुनै वाली छनौट गर्न सक्ने व्यवस्था रहेको र यस नगरपालिकामा बढी मात्रामा मकैको उत्पादन हुने भएकोले रैथाने वालीमा मकै वालीलाई छनौट गर्ने । सो निर्देशिका अनुसार विभिन्न ५ बटासम्म पकेट क्षेत्र तोक्नु पर्ने व्यवस्था रहेको र ब्लकको साईज कम्तीमा ५ हेक्टर हुनुपर्ने छ भन्ने व्यवस्था रहेकोले यस नगरपालिकाका तपसिल बमोजिमका वडाका तपसिल बमोजिमका क्षेत्रलाई रैथाने (मकै) वाली संरक्षण पकेट क्षेत्रको रुपमा तोक्ने गरी

मिति २०७८/४/५ गते बसेको आर्थिक विकास समितिको बैठकले सिफारिश गरेकोले उक्त सिफारिशलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

(क) वडा नं. ६ को दाङ्लिङ क्षेत्र
(ख) वडा नं. ९ को कोल्मा क्षेत्र
(घ) वडा नं. ११ को उखुबारी र डिहीबारी क्षेत्र
(ङ) वडा नं. १२ को मैदान र गैरीस्वारा क्षेत्र र
(च) वडा नं. १३ को टारीबारी र कुमालटारी क्षेत्र

**निर्णय नं १३ :**

यस आर्थिक वर्षको लागि नगरसभाबाट राजस्व दररेट पारित गर्दा निम्नानुसारका व्यवसायको दर्ता तथा वार्षिक कर राजस्वको दर पारित हुन छुट भएकोले नवौ नगरसभाको निर्णय नं. ८ मा भएको व्यवस्था बमोजिम निम्नानुसारको राजस्व दररेट कायम गर्ने गरी नगर प्रमुखबाट मिति २०७८/८/२८ मा गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(क) टेम्पो तथा अटोरिक्सा सञ्चालन सम्बन्धी संस्था दर्ता शुल्क रु. १०,०००।-
(ख) टेम्पो तथा अटोरिक्सा सञ्चालन सम्बन्धी संस्थाको वार्षिक व्यवसाय कर रु. ५,०००।-

**निर्णय नं : १४**

यस नगरपालिकाले विपन्न व्यक्तिहरुलाई औषधी उपचार गर्नको लागि रकमउ पलब्ध गराउदै आएकोमा यस कार्यालयमा प्राप्त निवेदन मध्ये तपसिल बमोजिमका व्यक्तिहरुलाई रकम उपलब्ध गराउन नगर प्रमुखज्यूको अध्यक्षतामा गठित समितिले शिफारिस गरेकोले निम्नानुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | राहत पाउने व्यक्तिको नाम,थर | ठेगाना | रोगको विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | श्री सुनिल दर्जि | पुतलीवजार ३ | मानसीक रोगी | ५,०००।- |
| २ | श्री विष्णु प्रसाद रेग्मी | पुतलीवजार ७ | दीर्घ रोगी | ८,०००।- |
| ३ | श्री नरमाया सुनार | पुतलीवजार १३ | मानसीक रोगी | ५,०००।- |
| ४ | श्री गोपाल दमै | पुतलीवजार २ | दीर्घ रोगी | ८,०००।- |
| ५ | श्री ऋषीराम लामिछाने | पुतलीवजार ११ | मुटुरोगी | १०,०००।- |
| ६ | श्री सनीस गुरुङ्ग | पुतलीवजार १० | खुट्टा भाचिएको | १०,०००।- |
| ७ | श्री धन बहादुर दमै | पुतलीवजार ७ | खुट्टा भाचिएको | ८,०००।- |
| | जम्मा रकम रु | | | ५४,०००।- |

**निर्णय नं. १५:**

यस नगरपालिकाको वडा नं. ३ कुटी –किरिया खोरी -उप्रेतथर जाने बाटो मर्मत गर्नको लागि रु.५,९७,४७२।- को लागत अनुमान सहित वडा कार्यालयबाट सिफारिश भई आएकोले उक्त योजनाको लागि स्थानीय विकास बिषेश कोषबाट रु.५,००,०००।- बिनियोजन गरी निर्माण कार्य सञ्चालन गर्ने निर्णय गरियो ।